# गुहेश्वरी मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि.

# GUHESWORI MERCHANT BANKING & FINANCE LTD.

(नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको "ग" वर्गको वित्तीय संस्था)

चलानी नं.१५७८/२०८१/२०८२ मितिः२०८२/१०/१३

श्रीमान प्रमुखज्यू,
नेपाल स्टक एक्सचेञ्ज लि.,
सिहदरवार, काठमाण्डौ ।

बिषय - <u>आ.ब.२०८१/२०८२ को वार्षिक साधारण सभाको माइन्यूट बारे</u> ।

महोदय ,

उपरोक्त बिषय यस संस्थाको आ.ब.२०८१/२०८२ को २४ औं वार्षिक साधारण सभाको माइन्यूट (विवरण) प्रतिलिपी यसै पत्र साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध गर्दछौं ।

**संलग्न**

१) आ.ब. २०८१/२०८२ को २४ औं वार्षिक साधारण सभाको माइन्यूट (विवरण)

भवदीय,

शिवराज भण्डारी
कम्पनी सचिव

# चौबिसौं बार्षिक साधारण सभाको निर्णय (माइन्युट) विवरण

## गुहेश्वरी मर्चेण्ट बैकिङ्ग एण्ड फाइनान्स लिमिटेड

प्रधान कार्यालय

गुहेश्वरीभवन, पुल्चोक,ललितपुर

मिति २०८२/०९/३०

# गुहेश्वरी मर्चेण्ट बैकिङ्ग एण्ड फाइनान्स लिमिटेडको
# चौबिसौं बार्षिक साधारण सभाको निर्णय माइन्युट विवरण

(१) **चौबिसौं बार्षिक साधारण सभाको प्रारम्भ मिति, समय तथा स्थानः**

कम्पनी ऐन २०६३ तथा गुहेश्वरी मर्चेण्ट बैंकिङ एण्ड फाइनान्स लि को. स्वीकृत प्रबन्धपत्र तथा नियमावली अनुरुप संस्थाको चौबिसौं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री युवराज भण्डारी ज्यूको अध्यक्षतामा मिति २०८२ साल पौष ३० गते बुधबार बिहान ११:०० बजे गुहेश्वरी भवन, हरिहर भवन, पुल्चोक ललितपुरमा बसी निम्न बिषयहरु उपर छलफल तथा निर्णय गरी सु-सम्पन्न भयो ।

(२) **सभाको सूचना प्रकाशन** :

कम्पनी ऐन २०६३ को दफा ६७(२) तथा संस्थाको स्वीकृत नियमावलीको नियम १०(३) बमोजिम संस्थाको चौबिसौं बार्षिक साधारण सभाको सूचना शेयरधनीहरुको संस्थामा उपलब्ध व्यक्तिगत ठेगानामा सभा हुने मिति, समय र स्थान खुलाएर आ.ब. २०८१/८२ को संचालक समितिको प्रतिवेदन, बार्षिक प्रतिवेदन, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहित छलफलको बिषय सूची कम्पनी ऐन २०६३ को दफा १०९ बमोजम पठाई २ पटक क्रमशः मिति २०८२/०९/०९ आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा र मिति २०८२/०९/२० गते कारोबार राष्ट्रिय दैनिक पत्रिकामा साधारण सभाको सूचना प्रकाशित गरि सम्पूर्ण शेयरधनी महानुभावहरुलाई साधारण सभा बारे जानकारी गराइएको थियो ।

(३) **सभाको मिति, समय र स्थान :**

**मिति** :२०८२ साल पौष ३० गते बुधबार

**समय : बिहान** ११:०० बजे

**स्थान** : गुहेश्वरी भवन, हरिहर भवन, पुल्चोक ललितपुर

(४) **सभामा प्रस्तुत छलफलका बिषयहरु** : -

**छलफलका बिषयहरु**

१. संस्थाको चौबिसौं बार्षिक साधारण सभा सम्बन्धमा,

२.साधारण सभामा पेश हुने छलफलका बिषयहरु सम्बन्धमा,

(क) सामान्य प्रस्तावहरु :

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन छलफल गरि पारित गर्ने ।

२. लेखा परिक्षकको प्रतिवेदन सहितको आ.व.२०८१/०८२ को वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु छलफल गरि पारित गर्ने ।

३. लेखा परिक्षण समितिले सिफारिस गरे बमोजिम आ.व. २०८२/०८३ को लागि लेखा परिक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. संस्थापक शेयरधनी तथा सर्वसाधारण शेयरधनीको तर्फबाट नियुक्त संचालकहरुको नियुक्ती अनुमोदन गर्ने ।

**(ख) विशेष प्रस्तावहरु:**

१. यस वित्तीय संस्था तथा अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा मर्जर (गाभ्ने/गाभिने) गर्ने/गराउने, उपयुक्त वित्तीय संस्थाहरु प्राप्ती गर्ने वा गाभिने सम्बन्धमा प्रचलित ऐन, कानुन, नीति,नियम तथा निर्देशन अनुसार गर्नु पर्ने सम्पूर्ण कार्य गर्न गराउन संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध**

## (५) सभामा उपस्थिती

### ५.१ सञ्चालकहरुको उपस्थिती

कम्पनी ऐन २०६३ को दफा ६८ अनुसार देहाय बमोजिम संस्थाको संचालकहरुको स्वयं उपस्थिती रहयो ।

| सि.नं. | नाम | पद |
|---|---|---|
| १. | श्री युवराज भण्डारी | अध्यक्ष |
| २. | श्री दिपेश गोर्खाली | संचालक |
| ३. | श्री सजिना अमात्य श्रेष्ठ | संचालक |
| ४. | श्री सम्झना सापकोटा | संचालक |
| ५. | श्री जिवन लामा गोले | संचालक |
| ६. | श्री राजेश प्रसाद मानन्धर | स्वतन्त्र संचालक |

### ५.२ पर्यबेक्षक तथा आमन्त्रित :

| सि. नं. | नाम | पद | संस्था |
|---|---|---|---|
| १. | श्री नरेन्द्र बहादुर प्रधानाङ्गज्यू | पुर्व संचालक | श्री गुहेश्वरी मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनास लि. |
| २ | श्री गोपाल प्रसाद पाण्डेज्यू | पूर्व सञ्चालक | श्री गुहेश्वरी मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनास लि. |
| ३. | श्री दिपक कुमार श्रेष्ठज्यू | अध्यक्ष | श्री एशियन लाईफ इन्सुरेन्स कम्पनी लि. |

| | | | |
|---|---|---|---|
| ४. | श्री दिनेश लाल श्रेष्ठज्यू | प्रमुख कार्यकारी अधिकृत | श्री एशियन लाईफ इन्सुरेन्स कम्पनी लि. |
| ५. | श्री गायत्र श्रेष्ठज्यू | सहायक रजिष्ट्रार | श्री कम्पनी रजिष्ट्रारको कार्यालय |
| ६. | श्री चक्र बहादुर घर्तीज्यू | सहायक रजिष्ट्रार | श्री कम्पनी रजिष्ट्रारको कार्यालय |

**५.३ पदाधिकारीहरु :**

| सि.नं. | नाम | पद |
|---|---|---|
| १. | श्री तोयराज अधिकारीज्यू | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्रीमती अर्चना प्रधानज्यू | सहायक महाप्रबन्धक |
| ३. | श्रीमती शिल्पा प्रधानाङ्गज्यू | मुख्य प्रवन्धक |
| ४. | श्री शिव राज भण्डारीज्यू | वरिष्ठ प्रबन्धक/कम्पनी सचिव |

## (६) शेयरधनीको उपस्थिती र गणपुरक संख्या

| विवरण | कुल संख्या | स्वयं उपस्थिती | प्रतिनिधि मार्फत | जम्मा उपस्थिती | शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनी संख्या | ११७५२ | ४८ | १६ | ६४ | |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर संख्या | १०१२१७६० | २३४०२९१.८३ | ४०६७८४८.५ | ६४०८१४०.३२ | ६३.३१ |

## (७) सभाको बैधानिकता

आजको चौबिसौ बार्षिक साधारण सभाको लागी राखिएको उपस्थिती कितावमा स्वयं उपस्थित भई तथा प्रतिनिधि मार्फत उपस्थित भई हाजिर हुने शेयरधनीको प्रतिनिधित्व ५० प्रतिशत भन्दा बढी उपस्थित भएकोले साधारण सभाको गणपुरक संख्या पुगी सभा कम्पनी ऐनको दफा ६९ अनुसार वैधानिक भएकोले कम्पनी ऐन २०६३ को दफा ७३ को उपदफा २ तथा कम्पनीको नियमावली बमोजिम गणपूरक संख्या पुगेको भनी कम्पनी सचिवज्यूले जानकारी गराउनु भयो ।

## (८) राष्ट्रिय गान

गणपुरक संख्या पुगेको र सभा बैधानिक रहेकाले कम्पनी सचिवको अनुरोधमा सभामा उपस्थित सबै जना राष्ट्रिय गानमा सहभागी हुनुभयो ।

(९) **सभाको अध्यक्षता, पानसमा दीप प्रज्ज्वलन तथा सभा सञ्चालन**

कम्पनी ऐन २०६३ को दफा ७४ बमोजिम अध्यक्ष श्री युवराज भण्डारीज्यूले सभाको सभापतित्व ग्रहण तथा अन्य संचालक, पदाधिकारी, प्रतिनिधि एवं शेयरधनी महानुभावहरु समेतले आसन ग्रहण पश्चात संस्थाको विधिवत चौबिसौं वार्षिक साधारण सभा अध्यक्षज्यूले पानसमा बत्ति बालेर उद्घाटन गर्नु हुदै सभा शुरु भएको घोषणा गर्नु भयो । अध्यक्षज्यूको अनुमतिमा कम्पनी सचिवले साधारण सभाको काम कारबाहि अगाडी बढाउनु भयो ।

(१०) **संचालक समितिको वार्षिक प्रतिवेदनको प्रस्तुती**

अध्यक्ष श्री युवराज भण्डारीज्यूले आ.ब.२०८१/२०८२ को संस्थाको संचालक समितिको प्रतिवेदन सभामा प्रस्तुत गर्नु भई छलफल पश्चात पारित गरिदिन अनुरोध गर्नु भयो । त्यसपछि सभामा अध्यक्षज्यूले शेयरधनी महानुभावहरुलाई वार्षिक प्रतिवेदन तथा छलफलका लागि निर्धारित प्रस्तावहरु लगायत  अन्य बिषयहरुमा आफ्नो जिज्ञासा,सल्लाह र सुझावहरु प्रस्तुत गर्न आमन्त्रण गर्नु भयो । शेयरधनीहरु मध्ये ३ जना शेयरधनी महानुभावहरुले आफ्नो सल्लाह सुझाव प्रस्तुत गर्नु भयो ।

(११) **उपस्थित शेयरधनी महानुभावहरुबाट प्रस्तुत जिज्ञासा, सल्लाह र सुझाव प्रति संचालक समितिको तर्फबाट व्यवस्थापनको भनाई :**

छलफलको कार्यकममा तपशिलका शेयरधनीहरुले आ-आफ्नो सल्लाह एवं सुझावहरु प्रस्तुत गर्नु भयो ।

१. शेयरधनी श्री राम गोपाल महर्जनज्युले गैर बैकिङ सम्पत्ति बढेको तर्फ बिचार पुरचाउनु पर्ने, निष्कृय कर्जा घटाउनु पर्ने,कर्मचारीहरुलाई समय सापेक्ष तालिमको व्यवस्था गर्नु पर्ने र समयानुसार संस्थालाइ अघि बढाउनु पर्ने सुझाव दिनु भयो । साथै संस्थाको कुल मुनाफा उल्लेखनीय बृद्धी भए अनुसार बिगतमा जस्तै लाभांश  बितरण गर्न सुझाव सहित आफ्नो धारणा व्यक्त गर्दै संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्नु भयो ।

२. शेयरधनी श्री गोपाल प्रसाद पाण्डेज्यूले देशको बर्तमान परिस्थतिलाइ मध्यनजर गर्दै संस्थालाइ बलियो बनाउन व्यवस्थापन पक्ष लाग्नुपर्ने,कर्जा असुलीमा बिशेष ध्यान दिई संस्थालाइ बलियो बनाउन नियमित बैंकिङ व्यवसायबाट आय बढाउनु पर्ने सुझाव दिनु भयो ।

३. शेयरधनी श्री दिनेशलाल श्रेष्ठज्यूले खराब कर्जा बढ्न नदिन कर्जा असुली कार्य प्रभावकारी ढंगले गरि कर्जा नोक्सानीको उचित ब्यबस्थापन गर्न र कर्जा नोक्सानी व्यवस्था घटाउदै अझबढी कम्पनीलाइ प्रगती पथ तर्फ डोर्याउन रणनीति,योजना तथा योजना  बनाउनु पर्ने सुझाव दिनु भयो ।

(१२) **शेयरधनिहरुको जिज्ञासाको जवाफ :**

अध्यक्ष श्री युवराज भण्डारीज्यूले शेयरधनी महानुभावहरुबाट आएका जिज्ञासाको जवाफ दिदै बर्तमान समयमा संस्थाले बहन गर्नु परेका आन्तरिक तथा बाह्य चुनौतीका कारण संस्थाले उल्लेख्य बितरण गर्न सक्ने मुनाफा हासिल गर्न नसकेता पनि शेयरधनीहरुले लगानीको उचित प्रतिफल प्राप्त गर्नु पर्दछ भन्ने बिषयमा संचालक समिति र व्यवस्थापन सदैव प्रयत्नशिल रहेको भन्दै महत्वपूर्ण सुझावहरुको लागि धन्यवाद दिदै आगामी दिनमा सभामा शेयरधनी ज्यूहरुले दिनु भएको सल्लाह तथा सुझावहरुलाई आत्मसाथ गरी संस्थाको उन्नती र प्रगतिको लागि क्रियाशील रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

(१३) **छलफलको समाप्ती :**

कार्यक्रममा शेयरधनी महानुभावहरुले दिनु भएका अमुल्य सल्लाह सुझाव एबं जिज्ञासाको लागि अध्यक्षज्यूज्यूबाट जवाफ दिए पश्चात शेयरधनीहरुबाट थप जिज्ञासा नआएकाले अध्यक्षज्यूले धन्यवाद दिंदै छलफलको क्रम समाप्त भएको जानकारी सभामा गराउनु भयो ।

(१४) **चौबिसौ बार्षिक साधारण सभाको निर्णयहरुः**

अध्यक्ष ज्यूबाट प्रत्युत्तर प्रस्तुत भए पश्चात साधारण सभामा छलफलका लागि पूर्ब निर्धारित बिषयहरु पारित गर्न पेश गरिएका प्रस्तावहरु करतलध्वनीका साथ पारित गरिदिनको लागि अध्यक्ष ज्यूबाट अनुरोध पश्चात अध्यक्ष ज्यूले साधारण तथा बिशेष प्रस्ताव एक एक गरी क्रमानुसार साधारण सभा समक्ष पेश गरे पश्चात साधारण सभामा उपस्थित शेयरधनीज्यूहरुबाट करतलध्वनीका साथ स्वीकृती प्रदान गर्नु भएकोले अध्यक्ष ज्यूबाट तल उल्लेखित सबै प्रस्तावहरु चौबिसौ बार्षिक साधारण सभाबाट सर्बसम्मतिले पारित भएको सभा समक्ष जानकारी गराउनु भयो ।

क. **सामान्य प्रस्तावहरुः**

१. **संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।**

संस्थाको चौबिसौ बार्षिक साधारण सभाका लागी निर्धारित बिषय सुची अनुसार सभाको अध्यक्षता गर्नु हुने अध्यक्ष श्री युवराज भण्डारीज्यूले संचालक समितिको तर्फबाट प्रस्तुत गर्नु भएको प्रतिवेदन पारित गरियोस् भनि राख्नु भएको प्रस्ताव सर्वसम्मतीबाट पारित गरियो ।

२. **लेखा परीक्षकको प्रतिवेदन सहितको आ.व.२०८१/०८२ को वार्षिक वासलात, नाफा नोक्सान हिसाव, नगद विवरण लगायतका वित्तीय विवरणहरु मथि छलफल गरि पारित गर्ने ।**

लेखा परीक्षकको प्रतिवेदन सहितको संस्थाको ०८१/०८२ को हिसाब विवरण पारित गर्न सभाका अध्यक्ष श्री युवराज भण्डारीज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतीबाट पारित गरियो ।

३. **लेखा परिक्षण समितिले सिफारिस गरे बमोजिम आ.व. २०८२/०८३ को लागि बाह्य लेखा परीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने ।**

बैंक तथा बित्तीय संस्था सम्बन्धि ऐन २०७३ को दफा ६३ तथा कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम संस्थाको आ.ब.०८२/०८३ को लागि बाह्य लेखापरिक्षण गर्न लेखा परिक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा छलफल हुँदा आ.ब..०८२/०८३ को लागि लेखापरिक्षण समितिमा पेश भएका ५ वटा प्रस्तावहरु श्री R.S & Associates, श्री P.L. Shrestha and Company, श्री JBRH and Company, श्री A.S.U.S. Associates र श्री N Amatya and Company पेश भएको र सो मध्ये लेखापरिक्षक श्री R.S & Associates लाई बाह्य लेखापरिक्षकमा नियुक्ति गर्ने र निजको पारिश्रमिक बापत रु.५,००,०००/-मा १३ प्रतिशत भ्याट सहित रु.५,६५,०००/- भुक्तानी दिने भनी लेखापरिक्षण समितिबाट सिफारिश भएको ब्यहोरा अध्यक्ष ज्यूले सभालाई जानकारी गराउनु भएको प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

४. यस बित्तीय संस्थाको सञ्चालक समितिको मिति २०८२/०४/२२ गतेको निर्णयानुसार संस्थापक समुह अन्तर्गतको सञ्चालक पदमा बाँकी अवधिको लागि ग्लोरी क्यापिटल प्रा.लि.को तर्फबाट संचालकमा नियुक्त हुनुभएका काठमाण्डौ जिल्ला का.म.न.पा वडा नं.१० निवासी श्री सम्झना सापकोटाज्यूको नियुक्ती अनुमोदन गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

५. यस बित्तीय संस्थाको सञ्चालक समितिको मिति २०८२/०४/२२ को निर्णयानुसार सर्बसाधारण समुह अन्तर्गतको संचालक पदमा बाँकी अवधिको लागि नियुक्त हुनुभएका रामेछाप जिल्ला गौश्वारा वडा नं.९ निवासी श्री जीवन लामा गोलेज्यूको नियुक्ती अनुमोदन गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

(१५) <u>विशेष प्रस्तावहरुः</u>

१. यस बित्तीय संस्था तथा अन्य कुनै उपयुक्त बैंक तथा बित्तीय संस्था एक आपसमा मर्जर (गाभ्ने/गाभिने) गर्ने/गराउने, एक वा एक भन्दा बढी उपयुक्त बित्तीय संस्थाहरु प्राप्ती एक्वीजिसन) गर्ने वा जाने सम्बन्धमा प्रचलित ऐन, कानुन,नीति,नियम तथा निर्देशन अनुसार सम्पूर्ण कार्य गर्न गराउन संचालक समितीलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

( १६) विविध अन्तर्गत कुनै पनि प्रस्ताव दर्ता नभएको ब्यहोरा कम्पनी सचिवबाट सभामा जानकारी गराईयो ।

(१७) <u>धन्यवाद ज्ञापन तथा सभाको समापन :</u>

अन्त्यमा सभाका अध्यक्ष श्री युवराज भण्डारीज्यूले संस्था प्रति बिश्वास राख्नु हुने आदरणीय शेयरधनी महानुभावहरु, ग्राहक महानुभावहरु, संस्थाको हित तथा प्रगतिको लागि मार्गदर्शन दिनु हुने नेपाल सरकार, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज, सि.डि.एस.सि. लगायत सम्पूर्ण नियमन निकायहरु, संस्थाका सम्पूर्ण कर्मचारीहरु, संस्था प्रति प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा गाँसिएका सरोकारवालाहरुलाई हार्दिक धन्यबाद ज्ञापन गर्नु भई संस्थाको चौबिसौ बार्षिक साधारण सभा सफलता पूर्वक सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने शेयरधनी महानुभावहरु प्रति हार्दिक आभार प्रकट गर्नु हुदै चौबिसौं बार्षिक साधारण सभा समापन भएको घोषणा गर्नु भयो ।

दस्तखत .................................
शिवराज भण्डारी
कम्पनी सचिव

दस्तखत .................................
युवराज भण्डारी
अध्यक्ष

मितिः २०८२ पौष ३० गते बुधबार